बैठक संख्याः ३६
मितिः २०८१/०३/२४ गते सोमबार
समयः दिउसो २.०० बजे
स्थानः कालिका नगरपालिकाको कार्यालय
रेडक्रसग्राम,चितवन ।

आज मिति २०८१/०३/२४ गते यस कालिका नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मीज्युको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्ताहरुमाथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री बिनोद रेग्मी | |
| २ | नगर उप-प्रमुख | श्री बिमला तमाङ | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री बिरेन्द्र तमाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमल राज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री तिलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नर जंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री फारम कुमारी ढकाल | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री भुव कुमारी रानो मगर | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दिपक सिंह परियार | |
| २० | नगर कार्यपालिका सदस्य | श्री ज्योती सुनार | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री धन माया प्रजा | धनमाया |
| २२ | सचिव | श्री चूडामणि शर्मा गौतम | |

Scanned with CamScanner

# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

**कार्यपालिका बैठकको निर्णय**

बैठक संख्याः ३६ | बैठक मितिः २०८१/०३/२४

| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन | नगरसभाको दोस्रो बैठक सम्बन्धमा । | कालिका नगरपालिकाको दोस्रो कार्यकालको पाँचौं नगरसभा अधिवेशनको दोस्रो बैठक मिति २०८१/०३/२५ मा सँञ्चालन गर्ने । | |
| २. | योजना | बार्षिक बजेटमा संशोधन प्रस्ताव सम्बन्धमा । | कालिका नगरपालिकाको दोस्रो कार्यकालको पाँचौं नगरसभा अधिवेशनको प्रथम बैठक मिति २०८१/०३/०५ मा प्रस्तुत भएको आ.व. २०८१/८२ को बार्षिक (आयव्यय अनुमान) बजेटको संशोधित प्रस्ताव अनुमोदन गरी नगर सभामा पेश गर्ने । | |
| ३. | योजना | मध्यमकालीन खर्च संरचना (MTEF) सम्बन्धमा । | आर्थिक वर्ष २०८१/८२ को लागि मध्यमकालीन खर्च संरचना (MTEF) को प्रस्ताव अनुमोदन गरी आगामी नगर सभा बैठकमा पेश गर्ने । | |
| ४. | योजना | विनियोजन ऐन, २०८० माथिको दोस्रो संशोधन (रकमान्तर तथा स्रोतान्तर) अनुमोदन सम्बन्धमा । | कालिका नगरपालिकाको विनियोजन ऐन, २०८० को दफा ३ को उपदफा (२) बमोजिम योजना शाखाबाट पेश भएका वडा कार्यालयहरुको सिफारिशमा विनियोजन ऐन, २०८० उपर दोस्रो संशोधन (कार्यक्रम बाँडफाँड, रकमान्तर र योजना संशोधन)को प्रस्ताव अनुमोदन गरी नगर सभामा पेश गर्ने । | |
| ५. | योजना | आ.व. ०८०/८१ का सम्पन्न योजनाहरुको फरफारक सम्बन्धमा । | योजना शाखाबाट प्रस्तुत चालु आ.व. २०८०/८१ मा सम्पन्न भएका सबै योजनाहरुको फरफारकको अनुमोदनको प्रस्ताव स्वीकृत गरी अनुमोदनको लागि नगर सभामा प्रस्तुत गर्ने । | |
| ६. | प्रशासन | सेवा एकाई व्यवस्थापन सम्बन्धमा । | श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८१/०२/३२ च.नं. ४३५ को पत्रानुसार कालिका नगरपालिकामा खटाइएका दुई जना एम. आई. एस. अपरेटर मध्ये एकजना र एक जना फिल्ड सहायकको आर्थिक वर्ष २०८१/८२ को लागि ६ (छ) महिनाको पारिश्रमिक यस नगरपालिकाबाट साझेदारी गर्ने । हाल नगरपालिकामा एम. आई.एस अपरेटर दुई (२) जना कार्यरत रहेको एवं दुवै जनाको कार्यालयमा आवश्यकता रहेकोमा एक जनाको मात्र विभागबाट पारिश्रमिक साझेदारी हुने र बाँकी एक जनाको हकमा स्थानीय तहले आवश्यकताका आधारमा व्यवस्थापन गर्ने भनी लेखी आएकाले एक जना एम.आई.एस अपरेटरको हकमा नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन हुन नगरसभामा पेश गर्ने । | |
| ७. | पूर्वाधार/योजना | योजनाको म्याद थप, भुक्तानी अनुमोदन तथा सिफारिस सम्बन्धमा । | निर्माणाधिन अवस्थामा रहेका निम्नानुसारका योजनाहरुको म्याद थप गर्ने ।<br>क्र.सं.: १ ; योजनाको नाम: ढोकुन थार्वालिङ्ग गुम्बा पूर्वाधार निर्माण ; ठेक्का नं: 038/WORKS/NCB/BRM /077/078 ; निर्माणकर्ता: ड्रागन-रेगन जे.भि. ; म्याद थप हुने मिति: २०८१/१२/२८<br>ढोकुन थार्वालिङ्ग गुम्बा पूर्वाधार निर्माण शीर्षकको योजनाको हालसम्म भएको भुक्तानीको अनुमोदन गर्ने । निर्माण सम्पन्न गर्ने म्याद थपसँगै सम्पन्न भएको निर्माण कार्यको समेत भुक्तानी हुन नसकेकोले आवश्यक बजेट विनियोजन एवं निकाशाको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सिफारिस अनुरोध गर्ने । | |
| ८. | आर्थिक प्रशासन | आर्थिक सहायता सम्बन्धमा । | नगरप्रमुखस्तरबाट भएका विभिन्न नागरिक/संस्थाहरुलाई आर्थिक सहयोगसम्बन्धी निम्न निर्णयहरुको अनुमोदन गर्ने ।<br>१. कालिका-८ बस्ने हिरा माया गुरुङ्गलाई उपचारमा सहयोगार्थ रु.१५,०००।- | |
| ९. | पूर्वाधार | लागत अनुमान भेरिएसन सम्बन्धमा । | ठेक्का नं 011/Works/NCB/KM/080/81 शीर्षक "Different Road Construction in Ward no. 6" को योजनाको लागत अनुमानमा १३.६२% नकारात्मक भेरिएसनको निर्णय अनुमोदन गर्ने । | |

चुडामणि शर्मा गौतम

प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १०. | प्रशासन शाखा | करार/ज्यालादारी सेवाका कर्मचारीहरुको म्याद थप सम्बन्धमा । | संस्थागत विकास तथा सुशासन समितिको मिति २०८१/०२/२७ को निर्णयानुसार सिफारिस भई आएका नगरपालिका अन्तर्गत करार/ज्यालादारी सेवामा कार्यरत रहेका कर्मचारीहरुको २०८१ पुस मसान्तसम्म करार अवधि थप गर्ने र अनुमोदनको लागि नगर सभामा प्रस्ताव पेश गर्ने । | सूची संलग्न . |
| ११. | स्थानीय भू-उपयोग परिषद्को सचिवालय | स्थानीय भू-उपयोग परिषद्को निर्णय अनुमोदन सम्बन्धमा । | स्थानीय भू-उपयोग प्रषिद्को मिति २०८१/०३/२२ को निर्णय अनुमोदन गर्ने । | निर्णय संलग्न |
| १२. | विपद् व्यवस्थापन शाखा | नगर विपद् व्यवस्थापन समितिबाट भएका निर्णयहरुको अनुमोदन तथा खर्च अनुमोदन सम्बन्धमा । | नगर विपद् व्यवस्थापन समितिको मिति २०८१/०३/१२ को बैठकको निर्णय अनुमोदन गर्ने । आ.व. २०८०/८१ मा नगर विपद् व्यवस्थापन समितिको निर्णयानुसार विपद् व्यवस्थापन कोष र विपद् व्यवस्थापनसँग सम्बन्धित खर्चहरु अनुमोदनको लागि नगर सभामा प्रस्ताव पेश गर्ने । | |
| १३. | भवन तथा बस्ती विकास शाखा | मापदण्ड नपुगेको घर/भवन अभिलेखीकरण सम्बन्धमा। | भवन तथा बस्ती विकास शाखाबाट पेश भए बमोजिम कालिका नगरपालिका भवन निर्माण तथा नक्सा पास निर्देशिका, २०८० को परिच्छेद-९ को दफा ४७ (ख) पूर्व निर्मित भवनको अभिलेख सम्बन्धी व्यवस्था अनुसार मापदण्ड नपुगेको घर तथा भवन अभिलेखीकरणको लागि आवश्यक प्रक्रिया पुरा गरी पेश भएका संलग्न सूची बमोजिमका घर/भवनहरुको अभिलेखीकरण गरी अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्ने । | सूची संलग्न |
| १४. | प्रशासन शाखा | विविध सम्बन्धमा । | बागमती प्रदेश सरकारबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० को उपदफा (१) बमोजिम तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अवधि पुरा भएका, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सेवाका कर्मचारीलाई तहवृद्धि गरिने व्यवस्था रहेको र ऐनको दफा ३० को उपदफा (२) बमोजिम तह वृद्धि गर्दा प्रत्येक वर्षको श्रावण १ गते र माघ १ गतेदेखि लागु हुने गरी तहवृद्धि गर्नु पर्ने व्यवस्था रहेको हुँदा उल्लेखित योग्यता पूरा भएका तपसिलका कर्मचारीको पाँचौं तहबाट छैठौं तहमा तह वृद्धि गर्ने निर्णय गर्ने ।<br>तपसिल<br>क्र.सं. \| कर्मचारीको साविकको विवरण \| कर्मचारीको तहवृद्धि हुने विवरण<br>१. \| नामथरः संझना ढकाल दवाडी, सेवाः नेपाल विविध सेवा, समूहः विविध, पदः सहायक महिला विकास निरीक्षक, तहः सहायकस्तर पाँचौं \| सेवाः स्थानीय प्रशासन सेवा, समूहः विविध, पदः सहायक महिला विकास अधिकृत, तहः अधिकृत छैठौं, ज्येष्ठता लागू हने मितिः २०८१/०४/०१ | |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner